नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २१२ २०८२ साल चैत १३ गते शुक्रबार (27 Mar 2026 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : चुलोचौकोदेखि क्याम्पससम्मः ... ३ पृष्ठमा : नेपालमा एक वर्षमा चार ... ३ पृष्ठमा : मध्य पूर्व द्वन्द्व चर्किंदै, ...

# पेट्रोलियम पदार्थको मुल्य पुनः बढ्यो पेट्रोल १८४ रुँपैया ५० पैसा प्रति लिटर

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

नेपाल आयल निगमले एक साताको अवधीमा दोश्रो पटक पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। निगमले बुधबार रातीदेखी लागु हुने गरि पेट्रोल, डिजेल र मट्टीतेलमा समान १५ रुपैयाँ बढाइएको जानकारी दिएको छ।

पछिलो पटक मुल्यबृद्धि भएपछी पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र विरगञ्जमा पेट्रोल १८४.५० कायम भएको छ।

यस्तै दोस्रो वर्ग अन्तर्गतसुर्खेत र दाङमा १८६ तथा तेस्रो वर्ग काठमाडौं, पोखरा र दिपायलमा १८७ रुपैयाँ कायम भएको छ।




विगत एक महिनादेखि पश्चिम एसियामा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि भइरहेको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

सो युद्धका कारण १५ दिन (१६ देखि ३१ मार्च सम्म) मा ५ अर्ब घाटा हुने देखिएको निगमले जनाएको छ। पछिल्लो समयको मूल्य वृद्धिको प्रक्षेपणलाई आधार मान्दा आगामी १५ दिनमा थप १५ अर्ब घाटा हुने देखिएको छ।

अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्य वृद्धिका कारण उत्पन्न भएको विषम परिस्थितिमा निगम सबै उपभोक्ता तथा सरोकारवालाहरूसँग सहयोगको आह्वान गर्दै पेट्रोलियम पदार्थको प्रयोगमा मितव्ययिता अपनाउन अनुरोध समेत गरेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य कम हुनासाथ तत्काल मूल्य घटाइने समेत विज्ञप्तिमा उल्लेख गरिएको छ।

# पिकअपको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, १२ चैत ।**

धनुषाको धनुषाधाम नगरपालिका ६ मालटोलस्थित पूर्व-पश्चिम राजमार्गमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्।

इलाका प्रहरी कार्यालय ढल्केबरका अनुसार ढल्केबरबाट पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेश ०२-००४ प. १८९५ नम्बरको मोटरसाइकललाई मधेस प्रदेश ०२-००१ च १६४७ नम्बरको माछा बोकेको महिन्द्रा पिकअपले ठक्कर दिएको हो।

दुर्घटनामा क्षीरेश्वरनाथ नगरपालिका ६ कुचाइटोल बस्ने ५५ वर्षीय समीम खानको मृत्यु भएको प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए।

दुर्घटनामा जनकपुरधाम उपमहानगरपालिका ४ का ५० वर्षीय विनोदसिंह घाइते भएका छन्। उनको सोही अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न पिकअप चालक सिरहाको सुखीपुर ३ बस्ने दिनेश सहनीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# रास्वपा संसदीय दलको नेतामा शाह चयन

काठमाडौँ, १२ चैत (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संसदीय दलको नेतामा बालेन्द्र शाह चयन हुनुभएको छ।

रास्वपाको बिहीबार बसेको केन्द्रीय समितिको बैठकले उहाँलाई संसदीय दलको नेता चयन गरेको हो।

बैठकमा सभापति रवि लामिछानेले पार्टी वरिष्ठ नेता शाहलाई संसदीय नेताका रूपमा चयन गर्न गरेको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको प्रवक्ता मनिष झाले जानकारी दिनभयो।

# ज्येष्ठ सदस्य केसीद्वारा नवनिर्वाचित प्रतिनिधिसभा सदस्यलाई शपथ

काठमाडौँ, १२ चैत (रासस)।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयको नवनिर्मित बहुउद्देश्यीय हलमा बिहीबार आयोजित समारोहमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले उहाँहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। ज्येष्ठ सदस्य केसीले बुधबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको थियो।

नेपालको संविधानको धारा, ९९ र ९१ को उपधारा, ५ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम पद तथा गोपनीयताको शपथ लिने व्यवस्था छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १८२, नेपाली कांग्रेसले ३८, नेकपा (एमाले)ले २५, नेपाली कम्युनिष्ट पार्टीले १७, श्रम संस्कृति पार्टीले सात र राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच सिट प्राप्त गरेका छन्।

# त्रिसठ्ठीभन्दा बढी सांसदद्वारा मातृभाषामा शपथ

काठमाडौँ, १२ चैत (रासस)।

बिहीबार सङ्घीय संसद्को प्रतिनिधिसभा सदस्यमा निर्वाचित सदस्यहरूले शपथ लिनुभएको छ। कुल २७५ सांसदमध्ये ६३ भन्दा बढी सांसद्ले मातृभाषामा शपथ लिने जानकारी संसद् सचिवालयलाई गराउनुभएको थियो।

सिंहदबारस्थित संसद् भवनमा प्रतिनिधिसभाको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीद्वारा सांसदहरूले शपथ लिनुभएको हो। मातृभाषामा शपथ ग्रहण गर्ने सांसदहरूमा यज्ञबहादुर बोगटीले अछामी, मोहम्मद इस्तियाक राईले अवधि, आकृति अवस्थीले डोटेली, गङ्गा छन्त्यालले छन्त्याल, करिस्मा कठरियाले 'कठरीया थारू' भाषामा शपथ लिनुभएको छ।

त्यसैगरी निश्कल राईले चाम्लिङ र दीपकराज बोहराले डोटेली भाषामा शपथ लिनुभयो। सुजाता तामाङ र परशुराम तामाङले तामाङ भाषामा शपथ लिनुभयो। कान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, पुष्पाकुमारी चौधरी, प्रमिलाकुमारी गच्छदार र सुरेन्द्र चौधरीले थारू भाषामा शपथ लिनुभयो।

अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुशुम महर्जन, कपा महर्जन, विराजभक्त श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, बुद्धरत्न महर्जन, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जितले नेपाल भाषामा शपथ लिनुभएको छ।

नितिमा भण्डारी (कार्की), रबिन महतो, रवीन्द्र पटेल र राजेशकुमार चौधरीले बज्जिका भाषामा शपथ लिनुभयो। त्यसैगरी ऐनबहादुर महरले बझाङ्गी भाषामा शपथ लिनुभयो।

माधवराज राईले बान्तावा, कन्हैया बनिया, अरविन्द साह, बुद्धिप्रसाद पन्त, सुशीलकुमार कानुले भोजपुरी भाषामा शपथ लिनुभयो। रेनुका काउचाले मगर खाम भाषामा शपथ लिनुभयो। प्रमोदकुमार महतो, राजकिशोर महतोले मगही भाषामा शपथ लिनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
| --- | --- | --- | --- |
| सामुदायिक स्थलगत कार्यकार्ता **(महिला)** | राजविराज | १ | CMA/HA |

**द्रष्टव्य:**
१. उमेर १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सम्र्पक गरीने छ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

## यौन हिंसाबाट बचौं र बचाऔं

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# देश र जनताका पक्षमा दृढतापूर्वक काम गर्न सांसदलाई अध्यक्ष ओलीको निर्देशन

काठमाडौं, १२ चैत (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणामबाट निराश नभई देश र जनताका पक्षमा दृढतापूर्वक काम गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिनुभएको छ । प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूले बिहीबार शपथ लिएलगत्तै पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा उहाँले प्रतिनिधिसभा र राष्ट्रियसभामा रहेका आफ्ना सांसदलाई जनहित र राष्ट्र निर्माणलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिनुभएको हो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले यसअघि पनि पार्टीले देश र जनता पक्षमा काम गरेको स्मरण गराउँदै आगामी दिनमा पनि मुलुकको समृद्धिका पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आफूहरू सत्य, समृद्धि र विकासको मार्गमा रहेकाले आफूविरुद्ध हुनसक्ने गलत प्रचारविरुद्ध दृढतापूर्वक सामना गर्दै अघि बढ्नुपर्ने बताउनुभयो ।

"हामीविरुद्ध तथ्य र तर्कमा आधारित नभई असभ्य र भ्रमपूर्ण रूपमा प्रहार हुनसक्ने भएकाले त्यसको डटेर सामना गर्न एकजुट हुनुको विकल्प छैन । अहिले नै हामीले हरेस खानुपर्ने कुनै आवश्यकता छैन । हामी सत्यको मार्गमा थियौँ, छौँ र रहनेछौँ", उहाँले भन्नुभयो "यस अवस्थामा हाम्रो पार्टी एकताबद्ध र एक ढिक्का भएर अगाडि बढ्नुपर्छ । पार्टीका नीति र निर्णयबमोजिम अनुशासित भएर नेता र सांसद प्रस्तुत हुनुपर्छ ।"

अध्यक्ष ओलीले अहिले विश्व राजनीतिमा अराजकता हाबी भएको भन्दै संयुक्त राष्ट्रसङ्घजस्ता निकाय निष्प्रभावी भएका बताउनुभयो । कार्यक्रममा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादल, महासचिव शङ्कर पोखरेल, सचिव पद्मा अर्याललगायत सहभागी हुनुहुन्थ्यो ।

# संसद्मा 'सिट प्लान' एउटै विपक्षी बेन्चमा कांग्रेस, एमाले र नेकपा

काठमाडौं, १२ चैत (रासस) ।

संसदीय यात्रामा सत्तापक्ष त कहिले प्रमुख या प्रतिपक्ष भएर सदनका बैठकमा बस्दै आएका तीन राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी अब भने एउटै बेन्चमा बस्ने भएका छन् ।

गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले यी तीन पार्टीको तत्कालको संसदीय स्थान प्रतिपक्ष बेन्च तय गरिदिएको हो । यसअघि मुलुकका प्रमुख तीन दलको पहिचानमा रहँदै आएको थियो ।

विसं २०६३ मा लोकतन्त्रको स्थापना र तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि गठन भएको अन्तरिम संसद्मा यी तीनवटै दल एउटै बेन्चमा थिए । तर, २०६४ सालको संविधानसभा निर्वाचनबाट बनेको सभा र त्यसपछिका संसद्हरूमा भने कांग्रेस, एमाले र माओवादीमध्ये कुनै दुई दल सत्तामा हुँदा प्रायः एक दल प्रतिपक्षमा बस्ने गरेको अवस्था

*बाँकी तीन पृष्ठमा*

# चुलोचौकोदेखि क्याम्पससम्म: बदलिँदै शिशुवारीका छोरी-बुहारीहरूको संसार

**सुदिप राउत**

सप्तरी, १२ चैत (रासस) ।

सप्तरीको सुरुङ्गा नगरपालिका–१ की सुमित्रा राउत ९ कक्षा पढ्दै गर्दा विवाह भयो । थप पढ्ने रहर त थियो, तर विवाहपछि उहाँको जीवनको लय मोडियो । राउतले करिब १० वर्षसम्म चुलोचौको, खेतीपाती र पारिवारिक जिम्मेवारीमै बित्यो ।

योबीचमा जिम्मेवारीले पढ्ने रहर ओझेलमा पर्‍यो, तर त्यो रहर अन्त्य भइसकेको थिएन । उहाँले फेरि अध्ययन सुरु गर्नुभयो र २०६७ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । राउतको औपचारिक अध्ययनको यात्रा त्यत्तिमा रोकिएन, घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि उहाँले 'प्लस टू' मात्र होइन, गत वर्ष स्नातक (बिएड) समेत उत्तीर्ण गर्नुभएको छ ।

"यो बीचमा मैले विभिन्न गैरसरकारी सङ्घसंस्थामा काम गरेँ, यस क्रममा औपचारिक शिक्षाको महत्त्व बुझेँ । पढाइमा तल्लो तहमा हुँदा धेरै अवसरबाट वञ्चित भएको महसुस हुन्थ्यो । बाहिर गएर पढ्ने सम्भावना थिएन, तर घर नजिकै क्याम्पस खुलेपछि पढ्न सहज भयो", राउतले खुसी व्यक्त गर्दै अगाडि भन्नुभयो, "अब यही स्नातकोत्तर पनि सञ्चालन भएमा पढाइलाई अझ अगाडि बढाउने चाहना छ । चाँडै त्यो सपना गर्ने अपेक्षामा छु ।"

यस्तै, कथा डिकुरा पोखरेलको पनि छ । १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा क्याम्पसबाट १२ कक्षाको अन्तिम परीक्षामा उहाँलाई एउटा विषय लाग्यो । त्यहीबीचमा विवाह भयो र पढाइ रोकियो । पछि सुरुङ्गास्थित घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि पोखरेलले पुनः १२ कक्षा उत्तीर्ण गरी नेपाली विषयमा स्नातक गर्नुभयो र हाल स्नातकोत्तर सकेर अध्यापन गराइरहनुभएको छ ।

सुमित्रा र डिकुरा त प्रतिनिधि पात्र मात्र हुन् । गाउँमै क्याम्पस स्थापना भएपछि उहाँहरूजस्तै सयौँ छोरी-बुहारीले यहाँ आफ्ना अधुरा सपनालाई पुनः पूरा गर्ने अवसर पाएका छन् । सप्तरीको उत्तर-पश्चिमी सीमान्त गाउँ शिशुवारीमा अवस्थित यो क्याम्पस स्थानीयको पसिना र चन्दाबाट ठडिएको हो । विसं २०६९ साउन १५ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन पाएको यस क्याम्पसले उच्च शिक्षाको ढोका खोलिदिएको छ । हाल यहाँका ३०० भन्दा बढी बुहारीहरू स्नातक उत्तीर्ण भई कोही निजामती सेवा त कोही शिक्षण पेसामा प्रवेश गरेर आफ्नो संसार आफैँ बदल्न सफल भएका छन् ।

क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाका अनुसार यहाँ सप्तरीका मात्र होइन, छिमेकी जिल्ला सिरहा, उदयपुर, खोटाङ, सुनसरी र मोरङसम्मका छात्राहरू लाभान्वित भइरहेका छन् । "यहाँको गाउँले वातावरण, न्यून शुल्क र सुरक्षित वातावरणले गर्दा बुहारीहरूका लागि यो क्याम्पस माइतीको घरजस्तै बनेको छ", उहाँ भन्नुहुन्छ ।

क्याम्पस प्रमुख तिम्सिनाका अनुसार आर्थिक रूपमा कमजोर परिवारका लागि वार्षिक रु १४ हजार मात्र शुल्क निर्धारण गरिएकाले यो क्याम्पस अन्य सामुदायिक क्याम्पसभन्दा करिब ३० प्रतिशत सस्तो र सहज पहुँचयोग्य बनेको छ । साथै, अतिविपन्न विद्यार्थीलाई निःशुल्क भर्ना गर्ने व्यवस्था पनि गरिएको छ । क्याम्पसको यो गुणस्तरीय र सुलभ शिक्षाले धेरैको जीवनमा व्यावसायिक परिवर्तन ल्याएको छ ।

उदयपुरको मुर्कुचीबाट विवाह गरी आएकी टुना माया मगरले यहीबाट स्नातक गरी शिक्षक सेवा आयोग उत्तीर्ण गर्नुभएको छ । हाल उहाँ जनप्रभावत मावि दौलतपुरमा स्थायी शिक्षिका हुनुहुन्छ । यस्तै, दुई वर्षअघि यही अध्ययन गर्नुभएकी मनिशा विकले पनि शिक्षक सेवा उत्तीर्ण गरेर राष्ट्रिय प्राविमा अध्यापन गराइरहनुभएको छ ।

यस्तै, कथा छ प्रेमा थापामगरको पनि । उहाँले शिशुवारी क्याम्पसमा प्लस टू अध्ययन गरे पनि त्यतिबेला क्याम्पसमा स्नातक तह सञ्चालन नभएकाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसबाट स्नातक गर्नुभयो । "त्यतिबेला यहाँ स्नातक तहको अध्ययन हुन्थेन, त्यसैले बाहिर बसेर पढ्नुपर्‍यो । हाल भने धेरै दिदीबहिनीहरूले गाउँमै पढ्न पाएका छन्, त्यो देख्दा खुसी लाग्छ," उहाँले भन्नुभयो, "हाल शिशुवारीमा स्नातक नगर्ने कुनै घर छैन, यो यस क्याम्पसको गौरव हो ।"

लहान माइती भएकी करिनाकुमारी महतोले गत वर्ष बिहे गरेर शिशुवारी आएपछि पनि अध्ययनलाई छोड्नुभएन । हाल कक्षा १२ मा अध्ययनरत उहाँलाई वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका श्रीमान् कृष्ण महतोले उत्तिकै हौसला दिइरहनुभएको छ । "खेतीपाती र पशुपालन गर्ने बुबाआमाले बाहिर राखेर पढाउन सक्ने अवस्था थिएन । हाल घरको काम भ्याएर पनि पढ्न पाएकी छु, घरपरिवार सबै खुसी हुनुहुन्छ", महतोले भन्नुभयो ।

शिशुवारी क्याम्पसले सुरुङ्गाका छोरी-बुहारीहरूका लागि केवल 'डिग्री' मात्र बाँडेको छैन, एउटा आत्मविश्वास र आत्मनिर्भरताको बाटो पनि कोरिदिएको छ । पारिवारिक उल्झन र आर्थिक अभावका कारण बीचैमा पढाइ छाडेर गृहिणीमा सीमित भएकाहरू हाल उच्च शिक्षा हासिल गर्ने सपना देखिरहेका छन् ।

**मट्ठीदानबाट ठडिएको 'ज्ञानको मन्दिर'**

यो परिवर्तनको कथा त्यतिबेला सुरु भयो, जब गाउँमा 'ज्ञानको मन्दिर' ठड्याउन स्थानीयले मुट्ठीदान सुरु गरे । लहानका गणपतलाल सारडाले २१ कट्ठा जग्गा दान गरेपछि सुरु भएको यो अभियानमा स्थानीय नारायणप्रसाद पराजुलीले रु तीन लाख बराबरको जग्गा थप्नुभयो । अन्य गाउँलेले गच्छेअनुसार रु १० हजारदेखि रु ५१ हजारसम्म नगद सहयोग गरे ।

क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाका अनुसार १४ वर्षको अवधिमा स्थानीयबाट मात्र रु १७ लाखभन्दा बढी नगद सहयोग जुटेपछि विद्यालयको विकासमा सहयोग पुगेको हो । 'स्थानीयको अपनत्व' का कारण क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा दिन सहज भएको उहाँको भनाइ छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं सुरुङ्गा-१ का वडाध्यक्ष छत्रबहादुर राउत (राजकुमार) क्याम्पसले विभिन्न बाधा झेलेर पनि स्थानीयमा शिक्षाको ज्योति बाल्न योगदान गरिरहेको बताउनुहुन्छ । "मैले जिम्मेवारी लिँदा भवन जीर्ण थियो, शिक्षकहरूको तलब झन्डै दुई लाख बक्यौता थियो र जम्मा १० जना विद्यार्थी मात्र थिए", उहाँ विगत कोट्याउनुहुन्छ,"तर हार नखाई चलाइएको घरदैलो अभियानले ५२ जना छोरी-बुहारीलाई क्याम्पस भर्ना गरायो । शिक्षकहरूले महिनौँसम्म तलब नपाउँदा पनि कक्षा रोकेनन्, जसको नतिजास्वरूप आज यो क्याम्पस कोशी प्रदेशमै बिएडतर्फको नतिजामा पहिलो हुन सफल भएको छ ।" राउतको यो तेस्रो कार्यकाल हो ।

यही क्याम्पसको स्नातक पहिलो ब्याचका विद्यार्थी एवं हाल सञ्चालक समिति सदस्य काशि कार्कीका अनुसार यहाँ पढेका कैयौँ विद्यार्थीहरू नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेर राष्ट्र सेवामा जुटिसकेका छन् । कुनै समय सामान्य लेखपढ मात्र भएको यो गाउँमा हाल प्रायः हरेक घरमा कम्तीमा एकजना स्नातक

*बाँकी तीन पृष्ठमा*


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
सप्तरी

पत्र संख्या र मितिः

मितिः २०८२।१०

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

[illegible] दर्ता रहेको साविक मौवाहा मौजा रैन ६ हाल तपसिल [illegible] भएको जग्गा [illegible] कि.नं. १६३ क्षे.फ. ०-१-६ नामसारी गरी प्रमाण पुर्जा पा[illegible] गा.वि.स./न.पा. मौवाहा वार्ड नं. ६ बस्ने श्री [illegible] नं. १०१४४ मिति २०८२।११।०५ मा निवेदन परी ३५ सार्वजनिक सुचना प्रकाशित [illegible] २।११।१३ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा [illegible] निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम धर [illegible] को हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा [illegible] हुनेछ । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम [illegible] कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी [illegible] सरकारी नराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | [illegible] |
|---|---|---|---|---|---|
| मौवाहा | ६ क | १६३ | ०-१-६ | रैवनी [illegible] | [illegible] नामसारी |

नोट:- [illegible]

[illegible] २०८२।११।०६
नायब सुब्बा



## डा. भगवती यादव
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा एक वर्षमा चार लाख बढीले पाए निःशुल्क आँखा उपचार

काठमाडौँ, १२ चैत (रासस)।

विगत एक वर्षमा चार लाखभन्दा बढी आँखाका बिरामीको निःशुल्क उपचार गरिएको छ।

नेपाल नेत्रज्योति सङ्घको सञ्जालभित्र आबद्ध २८ आँखा अस्पताल, २२६ आँखा उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रमहरूमार्फत चार लाख ५४ हजार ९४२ जना आँखाका बिरामीको निःशुल्क उपचार गरिएको हो।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले सङ्घद्वारा नेपाल सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदार संस्थाहरूको सहयोग तथा अस्पतालहरूको आन्तरिक स्रोतबाट निःशुल्क उपचार गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार सन् २०२५ मा सङ्घको सञ्जालमार्फत ३३ लाख ७८ हजार ४२ जना आँखाका बिरामीको आँखा परीक्षण गरी दुई लाख ६६ हजार ४०१ जनाको शल्यक्रिया गरिएको छ।

कार्यकारी निर्देशक डा मिश्रले भन्नुभयो, "सन् २०२५ मा सङ्घद्वारा सञ्चालित आँखा अस्पताल, उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रमहरूमर्फत २५ हजार ५६५ जनाको निःशुल्क शल्यक्रियासमेत गरिएको छ।"

नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुऱ्याउने दायित्व र निर्देशन प्राप्त भएअनुरुप स्वयम्सेवक तथा कर्मचारीहरूमार्फत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगको सहकार्य, निर्देशन, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदारहरू, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं दाताहरूको साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई सर्वसाधारणको सहज, सर्वसुलभ र गुणस्तरीय उपचारमा पहुँच पुऱ्याउन सङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

**नेपालमा नौ लाख बढी विदेशी नागरिक आँखा उपचार : अधिकांश भारतीय**

सङ्घका महासचिव भरतबहादुर चन्दका अनुसार सङ्घअन्तर्गतका अस्पतालहरूले प्रवाह गर्ने सेवाकै कारण छिमेकी मुलुक भारत, बङ्गलादेश, भूटानलगायतका मुलुकका नागरिकहरूसमेत नेपालमा आँखा उपचारका लागि आउने गरेका छन्। उहाँले भन्नुभयो, "**एक वर्ष अर्थात्** सन् २०२५ मा मात्र सङ्घको सञ्जालमार्फत नौ लाख ११ हजार ९८० जना अन्य देशका नागरिकको आँखा परीक्षण गरी एक लाख ५३ हजार ८६ बिरामीहरूको शल्यक्रिया गरिएको छ। यसमा अधिकांश भारतीय नागरिक छन्।"

उहाँले नेपालमा उपलब्ध उच्चस्तरीय आँखा उपचार सेवाका कारण विदेशी नागरिकहरूसमेत उपचारका लागि नेपाल आउने क्रम निरन्तर बढिरहेको जानकारी दिनुभयो। महासचिव चन्दले भन्नुभयो, "अब हाम्रो प्राथमिकता अझ व्यापक रूपमा आम नागरिकहरूलाई गुणस्तरीय आँखा उपचार सेवाको पहुँचमा ल्याउँदै नेपाललाई आँखा उपचारको प्रमुख पर्यटन गन्तव्यका रूपमा विकास गर्नु हो। यसका लागि नेपाल सरकारसँग सहकार्य गर्दै दीर्घकालीन योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै अघि बढिरहेका छौँ।"

**अझै आँखा स्वास्थ्यमा जनचेतनाको अभाव**

सङ्घका अध्यक्ष प्राडा चेजराज पन्तले नेपालमा आँखा उपचारका क्षेत्रमा धेरै विकास भएता पनि अझै पनि धेरै नेपालीहरू आँखा उपचारसम्बन्धी जनचेतनाको अभावमा उपचारबाट वञ्चित रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार नेपालका सातवटै प्रदेशलाई समेट्ने गरी सन् २०२१ मा गरिएको आर ए ए बी (RAAB) सर्वेले समेत आँखा उपचारसम्बन्धी जनचेतनाका अभावमा सबैभन्दा बढी नागरिकहरू आँखा उपचार सेवाबाट वञ्चित रहेको देखाएको छ। उहाँले भन्नुभयो, "सबै मिलेर आँखा उपचारसम्बन्धी जनचेतना जगाउन आवश्यक छ।"

गैरसरकारी संस्थाका रूपमा विसं २०३५ चैत १३ गते सङ्घको स्थापना भएको थियो। सङ्घ आफ्नो स्थापनाको ४७ वर्ष पार गरी ४८ वर्षमा प्रवेश गरेको छ। ४८औँ नेत्रज्योति दिवसको सन्दर्भमा सङ्घले आँखा स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि, प्रविधिको प्रयोगमार्फत सेवा सुदृढीकरण तथा समुदायस्तरमा सचेतना विस्तारलाई अझ प्राथमिकतामा राखेको सङ्घले जनाएको छ।

अध्यक्ष प्राडा पन्तले अब सङ्घले आँखा उपचार सेवाको दायरालाई विस्तार गर्दै अन्धोपन न्यूनीकरणको अभियान सञ्चालन गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अहिले नेपालमा अन्धोपनाको अवस्था ०.२८ प्रतिशत छ यसलाई हामीले सन् २०३० सम्ममा ०.२० प्रतिशतमा झार्ने गरी काम गरिरहेका छौँ।"

सङ्घले रोकथाम गर्न सकिने अन्धोपन न्यूनीकरण, समयमै परीक्षण र उपचारको पहुँच विस्तार तथा बालबालिका, ज्येष्ठ नागरिक र जोखिममा रहेका समूहलाई लक्षित कार्यक्रमहरूलाई तीव्रता दिइने जनाएको छ।

स्थापनादेखि सन् २०२५ को अन्तिमसम्ममा सङ्घको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी पाँच करोड दुई लाख ४८९ जना जना आँखाका बिरामीहरूलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ।

## चुलोचौकोदेखि ...

उत्तीर्ण छोरी वा बुहारी भेटिन्छन्। "यो अभियानको सबैभन्दा ठूलो सफलता हो। हाल तराई मधेस समृद्धि कार्यक्रममार्फत बनेको पक्की भवनमा कक्षा सञ्चालन भइरहेको छ भने भारतीय दूतावासको रु पाँच करोड लागतमा निर्माणाधीन तीनतले अत्याधुनिक भवन आगामी वैशाखमा उद्घाटन गर्ने तयारी छ। यी पूर्वाधार बनेमा थप सहज हुनेछ", उहाँले भन्नुभयो।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिएड र प्लस टूतर्फ शिक्षा र व्यवस्थापन सङ्कायको अध्ययन अध्यापन भइरहेको यस क्याम्पसले विद्यार्थीलाई कम्प्युटरको आधारभूत सीप र शिक्षक सेवा आयोगको तयारी कक्षासमेत निःशुल्क उपलब्ध गराउँदै आएको छ। क्याम्पस प्रमुख तिम्सिनाका अनुसार हाल यहाँ प्लस टूतर्फ २०० र स्नातकतर्फ २२५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा छोरीप - बुहारीहरूको बाहुल्यता छ।

स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ। चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी–बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्था मात्र होइन, सामाजिक परिवर्तनको एउटा बलियो केन्द्र बनाएको छ।

## संसद्मा 'सिट प्लान'...

थियो।

तीनवटै दल एउटै बेन्चमा बस्न लागेको भने यो पहिलोपटक हो। यसपटक तीन दलमध्ये कांग्रेस प्रमुख प्रतिपक्ष र अन्य दुई दल प्रतिपक्षको भूमिका रहनेछन्। एउटै विपक्षी बेन्चमा तीन दल रहनेछन्। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि बिहीबार मात्र प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो।

समारोहमा सभा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले नवनिर्वाचित सांसदहरूलाई शपथ गराउनुभयो। शपथका क्रममा तीन दलका सांसदहरू प्रतिपक्षी बेन्चमा उभिएर शपथ लिनुभयो। राजनीतिक दलहरूको सिट सङ्ख्याका आधारमा सङ्घीय संसद् सचिवालयले दलहरूको बस्ने बेन्चको व्यवस्था गरेको छ।


राजविराज नगरपालिका
८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी ६४५
मिति: २०८२/१२/१२

विषय - नामसारी सम्बन्धमा।
वडा नं ८वाट जारि सुचना

सुचना सुचना सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी छिन्नमस्ता वडा नं ३हाल बसाई सराई गरी जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं ५ हाल परिवर्तित वडा नं ८ बस्ने गंगा प्रसाद सिंह को नाति शिवेस्वर सिंह को छोरा निरन्जन कुमार सिंह यस वडा कार्यालयमा उपस्थित भई मेरो पत्नी रन्जु देवी सिंह को मृत्यु २०८२/११/०४ गते आफ्नो कालगती मृत्यु भएको हो निज मृतक को सबैभन्दा नजिक नातेदार हक आपुताली खाने एक मात्र पति रहेको हुदाँ मृतक को नाउमा रहेको तपसिल खण्डमा उल्लेखित जग्गा निवेदक को नाउमा नामसारी गरी पाउ भन्नी यस वडा कार्यालयमा द.नं.५०६ मिति २०८२/१२/१२गते निवेदन पर्न आएको हुदाँ यो सुचना प्रकाशित भएको मिति ले ३५दिन भित्र हक अंश लाग्ने अन्सियार लगायत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउंनु होला अन्यथा यो सुचना म्याद समाप्त भई भएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाममा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

मृतक पत्नी को नाउमा दर्तारहेको

| जिल्ला | गा.वि.स/न.पा | वडा नं. | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ५क | ३५४६ | ०-०-१२ |
| " | " | " | ३५४७ | ०-०-२.५ |
| " | सखडा | ४ख | २७० | ०-५-१८ |
| " | " | ४ख | २६९ | ०-५-१८ |
| " | " | ३क | ३१० | ०-२-८ |


# विश्व समाचार

## मध्य पूर्व द्वन्द्व चर्किंदै, वार्ता अनिश्चित

पेरिस, १२ चैत (रासस/एएफपी)।

मध्य पूर्वमा जारी द्वन्द्व थप जटिल बन्दै गएको छ। एकातिर सैन्य आक्रमण तीव्र भइरहेका छन् भने अर्कोतिर कूटनीतिक पहलहरू अस्पष्ट र विरोधाभासी देखिएका छन्। इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदानसँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको भूमिकाले युद्धको दिशा अझ अनिश्चित बनाएको छ। इजरायली सेनाले बिहीबार इरानका विभिन्न स्थानहरू, विशेषतः इस्फहानजस्ता केन्द्रीय सहरहरूमा आक्रमणको लहर चलाएको जनाएको छ। यसको जवाफमा इरानले प्रक्षेप्यास्त्र आक्रमण गरेपछि इजरायलले आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारेको थियो। यस क्रममा काफ्र कासेम क्षेत्रमा दुई जना सामान्य घाइते भएको चिकित्सकहरूले बताएका छन्। युद्धको उद्देश्यबारे पनि नयाँ बहस सुरु भएको छ। पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ होर्मुज पुनः खोल्ने विषय युद्धको केन्द्रमा सरेको सङ्केत गर्नुभएको छ। सो जलमार्ग बन्द हुनु अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा ठूलो असर पार्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च छ। युद्धको असर विश्व अर्थतन्त्रमा समेत देखिएको छ। तेलको मूल्यमा वृद्धि भएको छ भने सेयर बजारमा मिश्रित प्रतिक्रिया देखिएको छ। ब्रेन्ट क्रुडको मूल्य एक प्रतिशतले बढेर १०३.२५ डलर प्रति ब्यारेल पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट १.२ प्रतिशतले बढेर ९१.४१ डलरमा कारोबार भइरहेको छ। एसियाली बजारमा उतारचढाव देखिँदा लगानीकर्ताहरू सम्भावित कूटनीतिक समाधानको प्रतीक्षामा छन्।

चीनले भने परिस्थिति सुधारतर्फ सानो आशा देखिएको जनाएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले टर्की र इजिप्टका समकक्षीसँगको संवादमा इरान र अमेरिका दुवै वार्तामा फर्कन इच्छुक देखिएको सङ्केत गर्नुभएको छ। तर यो दाबी अन्य पक्षहरूको भनाइसँग मेल खाँदैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिक रूपमा स्वीकार गर्न डराइरहेको आरोप लगाउनुभएको छ। उहाँका अनुसार इरानी वार्ताकारहरू आफ्नै पक्षबाट जोखिममा पर्न सक्ने डरले खुलेर कुरा गर्न सकिरहेका छैनन्। तर इरानका विदेशमन्त्री अब्बास अराघचीले स्पष्ट रूपमा वार्ता अस्वीकार गर्दै वर्तमान नीति 'प्रतिरोध' मा आधारित रहेको बताउनुभएको छ। उहाँले वार्ता गर्नु भनेको हार स्वीकार्नु सरह हुने धारणा राख्नुभएको छ। यसबीच अमेरिकाले इरानको सैन्य क्षमतामा ठुलो क्षति पुऱ्याएको दाबी गरेको छ। अमेरिकी सेनाका अधिकारीका अनुसार इरानका दुई तिहाइ मिसाइल तथा ड्रोन उत्पादन संरचना ध्वस्त पारिएको छ र आक्रमण क्षमतामा ९० प्रतिशतसम्म गिरावट आएको छ। क्षेत्रीय तनाव थप बढाउने घटनाहरू पनि भएका छन्। कुवेतले इरान समर्थित हिजबुल्लाहसँग सम्बन्धित रहेको आरोपमा छ जनालाई पक्राउ गरेको छ, जसले देशभित्र आक्रमणको योजना बनाइरहेका थिए। उता इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले केही शत्रुहरूले क्षेत्रीय सहयोगमा इरानी टापुहरू कब्जा गर्ने योजना बनाइरहेको चेतावनी दिनुभएको छ।

खाडी क्षेत्रका देशहरू–साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डन–ले संयुक्त वक्तव्य जारी गर्दै इराकलाई आफ्नो भूमिबाट इरान समर्थित समूहहरूद्वारा हुने आक्रमण रोक्न आग्रह गरेका छन्। यसैबीच, लेबनानस्थित हिजबुल्लाह समूहले इजरायलसँग कुनै पनि युद्धविराम वार्ता अस्वीकार गरेको छ। समूहका प्रमुख नइम कासिमले यस्तो वार्ता आत्मसमर्पण बराबर हुने बताउनुभएको छ। समूहले पछिल्लो दिन ८० भन्दा बढी आक्रमण गरेको दाबी गरेको छ भने दक्षिण लेबनानमा इजरायली आक्रमणबाट कम्तीमा आठ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ। विपरीत दाबीहरूको बीचमा अमेरिकी पक्षले भने वार्ता जारी रहेको जनाएको छ। ह्वाइट हाउसका अनुसार अमेरिका र इरानबीच संवाद भइरहेको र त्यसले केही प्रगति समेत देखाएको छ, यद्यपि यसको विवरण पूर्ण रूपमा सार्वजनिक गरिएको छैन।

## इरान द्वन्द्व चाँडै अन्त्य गर्ने ट्रम्पको संकेत

वासिङ्टन, १२ चैत (रासस/एएनआई)।

इरानसँगको बढ्दो तनावबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धलाई लामो समयसम्म नलम्ब्याउने स्पष्ट सङ्केत दिनुभएको छ। उहाँले आफ्ना निकट सल्लाहकारहरूलाई आगामी केही हप्ताभित्रै द्वन्द्व अन्त्य गर्ने लक्ष्य रहेको बताउनुभएको एक प्रतिवेदनले उल्लेख गरेको छ। यसले कूटनीतिक समाधानतर्फ अमेरिका झुकिरहेको सङ्केत गर्छ। वाल स्ट्रिट जर्नलको प्रतिवेदनअनुसार, यस विषयमा जानकार व्यक्तिहरूलाई उद्धृत गर्दै ट्रम्पले निजी रूपमा द्वन्द्व अन्तिम चरणमा पुगेको विश्वास व्यक्त गर्नुभएको छ। उहाँले सार्वजनिक रूपमा उल्लेख गरिसक्नुभएको चारदेखि छ हप्ताको समयसीमाभित्रै समाधान निकाल्नुपर्नेमा जोड दिनुभएको बताइएको छ। यो समयसीमा सम्भवतः मे महिनाको मध्यतिर हुने भनिएको चीनका राष्ट्रपति सी जिनपिङसँगको सम्भावित शिखर भेटअघि पर्ने देखिन्छ।

बिहीबार आयोजित एनआरसिसीको वार्षिक कोष सङ्कलन कार्यक्रममा ट्रम्पले आफूले आठ वटा युद्ध समाधान गरिसकेको दाबी गर्नुभयो र इरानको सन्दर्भमा पनि त्यही उपलब्धि दोहोरिने विश्वास व्यक्त गर्नुभयो। उहाँले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिक रूपमा स्वीकार गर्न हिच्किचाइरहेको टिप्पणी गर्नुभयो। उहाँका अनुसार इरानभित्रैका शक्तिहरूबाट खतरा हुने डरका कारण उनीहरू खुला रूपमा सम्झौता गर्न सकिरहेका छैनन्, साथै अमेरिकी दबाब पनि उनीहरूका लागि चिन्ताको विषय बनेको छ। यसैबीच, ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले राष्ट्रपति ट्रम्पको प्राथमिकता शान्ति रहेको दोहोऱ्याउनुभएको छ। उहाँका अनुसार इरानले वार्ताको सङ्केत देखाएपछि केही आक्रमण योजनाहरू स्थगित गरिएको हो। ट्रम्पको कडा चेतावनीपछि इरान वार्तामा आउन तयार देखिएको दाबी गर्दै लेभिटले पछिल्ला केही दिनदेखि वार्ता 'फलदायी' भइरहेको बताउनुभयो।

उहाँले थप स्पष्ट पार्दै इरानलाई पुनः गलत आकलन नगर्न चेतावनी दिनुभयो। पछिल्लो तनावका क्रममा इरानले आफ्नो उच्च नेतृत्व, नौसेना, वायु सेना र हवाई प्रतिरक्षा प्रणालीमा ठूलो क्षति व्यहोरेको उल्लेख गर्दै, यदि इरानले वास्तविकता स्वीकार नगरेमा अमेरिका थप कडा कदम चाल्न तयार रहेको सङ्केत दिनुभयो। तर अर्कोतर्फ, तेहरानले भने अमेरिकी प्रस्तावप्रति सकारात्मक प्रतिक्रिया दिएको छैन। इरानले द्वन्द्व अन्त्य आफ्नै सर्त र समयसीमामा मात्र सम्भव हुने अडान दोहोऱ्याएको छ। साथै आफ्नो माग पूरा नभएसम्म प्रतिरोध जारी राख्ने र आवश्यक परे 'कडा प्रहार' गर्ने चेतावनी दिएको छ।

# वीरगञ्ज भन्सारद्वारा १ खर्ब ५४ अर्ब ८४ करोड राजस्व संकलन

**दैनिक समाचारदाता पर्सा, १२ चैत ।**

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु एक खर्ब ५४ अर्ब ८४ करोड राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको सात महिनामा रु एक खर्ब ७५ अर्ब ३१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा ८८ दशमलव राजस्व सङ्कलन भएको छ । उक्त कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु १३ अर्ब ३६ करोड बढी राजस्व सङ्कलन भएको बताए ।

चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड राजस्व सङ्कलन गऱ्यो । भदौमा रु २० अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड राजस्व सङ्कलन भएको थियो ।

यसैगरी, मङ्सिरमा रु २० अर्ब ८० करोड, पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुन रु १९ अर्ब ३४ करोड राजस्व सङ्कलन भएको छ ।

# गत वैशाखयता देशभर ७ हजार २ सय ३१ विपद्का घटना

काठमाडौँ, १२ चैत (रासस) ।

गत वैशाख १ गतेदेखि हालसम्म देशभर सात हजार २३१ वटा विपद्का घटना भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्का ती घटनाबाट १३ हजार ९८ परिवार प्रभावित भएका छन् । यस अवधिमा चार सय ७९ जनाको निधन भएको छ भने ३८ जना घाइते भएका छन् ।

यस्तै, एक हजार ८०० जना घाइते भएका छन् । प्राधिकरणले दिएको जानकारीअनुसार यस अवधिमा तीन हजार ४८० वटा आगलागीका घटना भएका छन् । यस्तै, बाढीका ३२१, पहिरोका ६०४, भारी वर्षा ४४२, चट्याङ ४०६ र सर्पदशका ६०० घटना भएका छन् ।

यसैगरी, वन डढेलो २७९, हुरीबतासका ४५१, जनावर आक्रमणका ५०४, लेक लागेका १२३ र हिउँपहिरोका पाँचवटा घटना भएका प्राधिकरणले जनाएको छ ।

यस्तै, भूकम्पका सात, असिना, डुङ्गा पल्टेका दुई /दुई घटना हुँदा असिनासहित हुरी, शीतलहरका एक/एक घटना घटेका छन् ।

यसैगरी, यही चैत १० गते बिहानदेखि ११ गते बिहानसम्म २६ वटा विपद्मा घटना भएका प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । एकै दिन नौ जिल्लाका १३ स्थानमा आगलागीका घटना भएका र विपद्मा परी १० जना घाइते भएका छन् ।

# जाँचबुझ आयोगको प्रतिवेदनप्रति बारको असहमति

काठमाडौँ, १२ चैत (रासस) ।

नेपाल बार एसोसिएसनले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदनप्रति असहमति जनाएको छ ।

बारले आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयको विषय प्रतिवेदनमा उल्लेख गरेको भन्दै बिहीबार १:३० बजे सल्लाहकार समिति बैठक पनि बोलाएको छ ।

बारका महासचिवमा केदारप्रसाद कोइरालाले रासससँग कुरा गर्दै भन्नुभयो, "न्यायालय र कानुन व्यवसायप्रति समाजमा नकारात्मक असर पुग्ने गरी प्रतिवेदन आएको छ, यसमा हाम्रो असहमति छ । यसबारे कानुन व्यवसायीबीच गम्भीर छलफल हुनेछ ।"

न्याय सुलभ पार्न वकिलको शुल्कलगायत विकृति र विसङ्गति फाँड्ने तथा न्यायलाई वकिलको स्वर्ग हुनबाट बचाउनु पर्नेलगायतका विषय प्रतिवेदनमा उल्लेख छ ।

"सर्वसाधारणको न्यायमा पहुँच नहुनु, नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ । पहुँच र पैसा नहुनेका लागि न्याय धेरै टाढाको विषय भएको छ । पक्षको तर्फबाट वहस गर्नुपर्ने वकिल त यति खर्चिला छन् की साधारण निवेदन लेखिदिएको मात्र पनि हजारौं असुल गर्दछन्", प्रतिवेदनमा भनिएको छ ।

*त्रिसठ्ठीभन्दा ...*

अङ्किता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, दीपककुमार साह, कामिनी कुमारी, जोगकुमार बरबरिया यादव, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्रसाह कलवार, निशा मेहता, पुरुषोत्तम शुप्रभात यादव, मनिष झा, मातृकाप्रसाद यादव, रामजी यादव, रुबी कुमारी, शम्भुकुमार यादव, शिव शङ्कर यादव,सीताराम साहले मैथिली भाषामा शपथ लिनुभयो । कृपाराम रानाले राना थारू भाषामा शपथ लिनुभयो ।

त्यसैगरी पूर्णप्रसाद लिम्बू,सन्तोष सुब्बा, सुहाङ नेम्वाङले लिम्बू मातृभाषामा शपथ लिनुभयो । खुश्बु ओलीले संस्कृत भाषामा शपथ लिनुभएको हो । प्रतिनिधिसभाका सहायक प्रवक्ता (उपसचिव) अनन्तप्रसाद कोइरालाले मातृभाषामा शपथ लिने भनेर सुरुमा ६२ जनाले नाम टिपाउनु भएकामा पछि बिस्तारै थपिँदै गएको र कतिले लिएको भन्ने यकिन गर्ने काम भइरहेको बताउनुभयो ।

# कांग्रेसको १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक

काठमाडौँ, १२ चैत (रासस) ।

नेपाली कांग्रेसले १५औँ महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ । बुधबारको केन्द्रीय कार्यसमिति बैठकले आगामी असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने निर्णयअनुसार कार्यतालिका सार्वजनिक गरिएको हो ।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार यही चैत मसान्तसम्म क्रियाशील सदस्यता वितरण र अद्यावधिक विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । यस अवधिमा केन्द्रबाट सदस्यता फारम वडा तहसम्म पठाउने र सदस्यता वितरणका लागि १६५ वटै क्षेत्रमा प्रतिनिधि खटाइनेछ ।

आगामी वैशाख १ गतेदेखि वैशाख मसान्तसम्म छ हजार ७४३ वटै वडाबाट क्रियाशील सदस्यता वितरण र अद्यावधिक गरिनेछ । प्रत्येक व्यक्तिले आफू सदस्यता भएकै वडाबाट सदस्यता अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

वैशाख महिनाभरि वडामा एकमहिने सदस्यता अद्यावधिक अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । सार्वजनिक कार्यतालिकाअनुसार जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिमा परेका उजुरीउपर छानबिन गरी आगामी जेठ मसान्तसम्म केन्द्रमा पठाउनु पर्नेछ । केन्द्रले सदस्यतामा आवश्यक छानबिन गरी आगामी असार १५ गतेसम्म टुङ्गो लगाउने समयसीमा तोकिएको छ ।

यस्तै, अद्यावधिक क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि २०८३ असार मसान्तसम्मलाई तोकिएको छ ।

केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची अधिवेशन प्रक्रिया सुरु हुनुपूर्व नै निर्वाचन समितिलाई उपलब्ध गराई अधिवेशन प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ ।

कार्यतालिकाअनुसार, आगामी भदौ २ गते सबै वडा समितिको सम्पन्न गर्ने र क्षेत्रीय प्रतिनिधि चयन गरिनेछ भने भदौ ७ गते गाउँ नगरपालिका अधिवेशन गरिनेछ । भदौ १७ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन र एक मात्र क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन गर्ने र महाधिवेशन गरिनेछ । यस्तै, आगामी असोज २ र ३ गते जिल्ला अधिवेशन गरिनेछ ।

यस्तै, महाधिवेशनका अन्य कार्यक्रम तय गर्नुका साथै विभिन्न १६ वटा निर्णय गरिएका पार्टी केन्द्रीय कार्यालयका कावा मुख्यसचिव दुलालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

**नेपाल सरकार**
**भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि सुधार तथा मालपोत कार्यालय राजविराज ,सप्तरी**

प.नं.०८२/०८३
च.नं.

मितिः- २०८२।१०। २५

**विषयः-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।**

रैति नं. ८ को रैति जिलेवि गोपको नाममा दर्ता रहेको साविक प्रगन्ना पकरीया मौजे रामनगर हाल तपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स.रामनगर वार्ड नं.५ हाल परिवर्तितत बलान विहुल गा.पा.वार्ड नं.५ वस्ने स्व.सतन यादवको बुहारी स्व.महेन्द्र यादवको पत्नी अचलन देवी यादवनी र ऐ.ऐ.वस्ने स्व.सतन यादवको नाति स्व.जहरु यादवको छोरा राम कुमार यादव समेतले यस कार्यालयमा द.नं.११०८५ मिति २०८२।९।९ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१०।२५ गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुनु वमोजिम कार्यवाहि भै जाने छ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | ६.६.तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८५१ | रामनगर | ५(क) | ५८ | ०-४-१९ | उत्तर ... ०८२-१० | स्व.बाबु मडरको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा जिलेबिया गोप को नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा पोखरीको डिल किसानको महलमा खाली र कैफियत महलमा खाली रहेको । |

नायब सुब्बा


सूचना ! सूचना !! सूचना !!!

**इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।**



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*